## आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

## २७ जेष्ठ, २०८३

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### गण्डकी प्रदेश, नेपाल

**सभाका सदस्यहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न हुप्सेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा खुसी व्यक्त गर्दछु ।

लोकतन्त्र, अग्रगामी परिवर्तन तथा हालसम्मको राजनीतिक उपलव्धीका लागि पटक पटकको ऐतिहासिक जनआन्दोलन, त्याग, संघर्ष र जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पर्ण गर्दै बेपत्ता पारिएका, द्वन्द्व पीडित, घाईते तथा अपाङ्गता भएका व्यक्तिहरु प्रति उच्च सम्मान सहित स्मरण गर्दछु ।

हामी संघीयता कार्यान्वयनसंगै स्थापित स्थानीय सरकार संचालनको ९ वर्ष व्यतित गरी दोश्रो कार्याकालको समेत अन्तिम वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौ। आगामी आर्थिक बर्ष विगतका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था, प्राथामिकताका विषय वस्तुहरुलाई मध्येनजर गर्दै हामीले हाम्रा नागरिक सामु गरेका प्रतिवद्धता, कार्यान्वियनमा आई अधुरो अवस्थामा रहेका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्राथामिकता दिनु पर्ने निष्कर्षका साथ अगाडि बढिरहेका छौ।

आजको समयसम्म आईपुग्दा भौतिक पुर्वाधार विकासका साथै सामाजिक, आर्थिक, वातावरणीय तथा सुशासनका क्षेत्रमा समयानुकूल रुपान्तरण गर्दै सबै क्षेत्र तथा पक्षहरुलाई समान महत्वका साथ अगाडि वढाउनु पर्ने गहिरो महसुस भएको छ ।सिमित स्रोत र साधनलाई नागरिकका असिमित आकांक्षाबिच तालमेल मिलाउनु पर्ने चुनौती हामीसंग रहदा रहदै पनि शुरुवाती अवस्थाको तुलनामा सबै क्षेत्रमा क्रमिक सुधार हुदै गई रहेको महसुस गरेका छौ ।हामिसंग भएको सिमित स्रोत साधन र जनताको अपेक्षा तथा हामीले हाम्रा नागरिकसंग गरेका प्रतिवद्धताबीच

सामञ्जस्यता कायम गरी आगामि एक बर्ष भित्र पूर्ण सकृयताका साथ लागि पर्ने प्रतिवद्धता सहित नागरिकहरुको हरेक सुखःदुखमा साथमा रहनु आवश्यक रहेको अनुभुती गरेका छौ ।बिगत ९ बर्ष देखि हामीलाई यँहासम्म ल्याई पुर्याउन साथ, सहयोग र हौसला प्रदान गर्नु हुने संघ तथा प्रदेश सरकार, सम्पूर्ण पूर्व जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी, संघसंस्था, साझेदार निकायहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण सरोकारवालाहरु तथा आम नागरिकहरुप्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु ।

सभाका सदस्यहरु,

"सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि, गरिबी निवारण, रोजगारी सिर्जना र उद्यमशीलता विकास सहितको समाजवाद उन्मुख समृद्ध हुप्सेकोट" भन्ने मूल ध्येयका साथ "सुन्दर, सुखी र उद्यमी हुप्सेकोट" को परिकल्पना कार्यान्वयन गर्न हुप्सेकोट गाउँपालकाको मार्गचित्रको रुपमा प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ ।

सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधार सम्बन्धमा संक्षिप्त व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७८

- ❖ राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य,
- ❖ दिगो विकासका लक्ष्य,
- ❖ हुप्सेकोट गाउँपालिकाका कानूनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
- ❖ श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा विषयगत सीमा निर्धारण,
- ❖ राजश्व परामर्श समितिको प्रतिवेदन र
- ❖ हुप्सेकोट गाउँपालिकाका विगत आर्थिक बर्षहरुको अनुभव तथा सिकाई

**सभाका सदस्यहरु,**

उल्लेखित कानूनी आधारका अतिरिक्त हुप्सेकोट गाउँबासीहरुको विकासको तीव्र चाहाना, हालसम्मका अधुरा कार्यक्रम,गाउँपालिकामा क्रियाशील राजनीतिक दल, विज्ञ तथा सरोकारवालाहरुले दिएको सकारात्मक र कार्यान्वयनयोग्य सुझावलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तय गरिएको जानकारी गराउँदछु।

सभाका सदस्यहरु,

अब म चालू आर्थिक वर्षको हालसम्मको उपलब्धि प्रस्तुत गर्न गाउँसभा सचिवालयलाई अनुमति दिन्छु ।

सभाका सदस्यहरु,

अब म बिभिन्न, बिषय क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दछु।

१. हुप्सेकोट गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनामा तय गरिएको दीर्घकालीन सोच **खानेपानी, कृषि, पर्यटन र पूर्वाधारः हुप्सेकोट विकासको दिगो आधार** बमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना र

नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारी एवम् निजी क्षेत्र समेतको साझेदारीमा सुन्दर,सुखी र उद्यमी हुप्सेकोट निर्माणमा थप पहल गरिनेछ।

२. सार्वजनिक सेवा तथा पूर्वाधार निर्माणका क्षेत्रमा निजी क्षेत्र समेतलाई संलग्न गराई गाउँपालिकाको आर्थिक समृद्धिमा योगदान पुर्याउन सार्वजनिक-निजी-सहकारी साझेदारीका लागि आवश्यक व्यवस्था गरिनेछ।

**सभाका सदस्यहरु,**

अब म हुप्सेकोट गाउँपालिकाको यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/८४ का लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## कृषि

१. गाउँपालिकामा विद्यमान कृषि सम्भावनाको अधिकतम उपयोग गर्दै परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, व्यवसायिक तथा प्रतिस्पर्धी कृषि प्रणालीमा रूपान्तरण गरिनेछ । कृषकमैत्री नीति तथा कार्यक्रम तर्जुमा, सेवा–सुविधाको न्यायोचित वितरण तथा **कृषि विकास रणनीति** कार्यान्वयनका लागि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. कफी, अदुवा, बेसार लगायत उच्च मूल्यका नगदे बालीहरूको उत्पादन विस्तार, व्यवसायीकरण, विविधीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण तथा बजारीकरणका लागि कृषक, सहकारी तथा सरोकारवाला संस्थाहरूसँग साझेदारी र समन्वयका कार्यक्रम सञ्चालन गरिनेछ।

३. रासायनिक मल, विषादी तथा किटनाशक औषधिको अव्यवस्थित प्रयोगबाट माटोको उर्वराशक्ति तथा मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा कृषि चुनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

४. कृषि उत्पादनको बजार पहुँच विस्तार गरी बिचौलियाको प्रभाव न्यूनीकरण गर्न प्रदेश सरकारसँगको सहकार्यमा **कृषि एम्बुलेन्स सेवा** सञ्चालनका लागि आवश्यक पहल गरिनेछ। साथै, संघीय सरकारसँगको सहकार्यमा मौरी पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आर्थिक गतिविधि न्यून तथा बसाइँसराई उच्च रहेका क्षेत्रहरूको पहिचान गरी कृषि पर्यटन, ग्रामीण पर्यटन तथा पर्यापर्यटनको विकास, हरित उत्पादन प्रवर्द्धन तथा जलवायुमैत्री कृषि प्रविधिको प्रयोगमार्फत दिगो कृषि विकासलाई प्रोत्साहन गरिनेछ।

६. उद्यम विकासका आयाम वृद्धि गर्दै कृषकको आयआर्जन वृद्धि गर्न तुलनात्मक लाभ भएका कफी, मह, अदुवा तथा बेसारजस्ता उच्च मूल्यका बालीहरूको सामूहिक उत्पादन, संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ। कफी उत्पादन तथा प्रशोधन कार्यक्रमलाई निरन्तरता दिँदै प्याकेजिङ तथा ब्रान्डिङमार्फत बजार प्रवर्द्धनमा जोड दिईनेछ ।

७. कृषि उपजको सुरक्षित भण्डारण तथा व्यवस्थित बजारीकरणका लागि कोल्ड स्टोर सञ्चालनमा ल्याइनेछ। वडा नं १ जुगेपानीमा रहको कृषि उपज सङ्कलन केन्द्रलाई सहकारी मोडलमा रुपान्तरण गरी कृषि हाटबजार व्यवस्थापन सहित थप व्यवस्थित बनाइनेछ ।

८. फलफूल खेती विस्तार, टनेल तथा नर्सरी स्थापना, उन्नत बीउबिजनको उत्पादन तथा कृषि उद्यमशीलता विकासका लागि समूह तथा सहकारी मार्फत् अनुदान, सहुलियत र सीपमूलक तालिमका कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट उत्पादन, आयआर्जन तथा रोजगारी प्रवर्द्धनमा टेवा पुग्नेछ ।

९. जलवायु अनुकूलित कृषि प्रणालीको विकास, खाद्य तथा पोषण सुरक्षा, वातावरण संरक्षण र जैविक विविधता प्रवर्द्धनका लागि रैथाने बाली संरक्षण

तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। उन्नत धान तथा गहुँको बीउ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. कृषकहरूको सूचना तथा सेवामा सहज पहुँच सुनिश्चित गर्न **“हुप्सेकोट किसान कल सेन्टर”** लाई थप सुदृढ गरी कृषि परामर्श, समस्या समाधान तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

११. विपद्, महामारीजन्य रोग तथा विभिन्न कीराको प्रकोपबाट कृषि बालीमा क्षति पुगेका कृषकहरूलाई संघ तथा प्रदेश सरकारसँगको समन्वयमा राहत तथा व्यवसाय पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ। कृषि तथा पशु बीमा कार्यक्रमको पहुँच विस्तार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१२. कृषि क्षेत्रमा लगनशील रही उत्पादन अभिवृद्धि तथा रोजगारी सिर्जनामा उल्लेखनीय योगदान गर्ने कृषकहरुको पहिचान गरी उत्पादनको आधारमा प्रोत्साहन र सम्मान गरिनेछ ।

## पशु सेवा

१३. गाउँपालिका भित्रका सहकारी, सामुदायिक वन तथा अन्य सरोकारवाला संस्थाहरूसँग साझेदारी गर्दै पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । पशुपालन क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि वडा तथा गाउँपालिकास्तरीय पशुपालन समूहहरूलाई थप सशक्त र प्रोत्साहित गरिनेछ ।

१४. चालू आर्थिक वर्षमा प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालित **मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम** अन्तर्गत आबद्ध कृषक तथा पशुपालक समूहहरूको व्यवसायिक निरन्तरताका लागि आवश्यक औषधि, प्राविधिक सहयोग, क्षमता विकास तथा नियमित अनुगमनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. समुदायमा आधारित संस्थाहरू, सहकारी तथा क्रियाशील वित्तीय संस्थाहरू र अन्य सरोकारवाला निकायहरूसँगको साझेदारीमा विपन्न तथा लक्षित वर्गका नागरिकहरूका लागि पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपालन व्यवसायमार्फत आयआर्जन वृद्धि, रोजगारी सिर्जना तथा आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उत्पादनमुखी तथा व्यवसायिक पशु विकास कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१६. जलवायु परिवर्तन तथा वातावरणीय अनुकूलनलाई मध्यनजर गर्दै पशुपालन व्यवसायको दिगोपनाका लागि डाले घाँस, भुइँ घाँस तथा बहुवर्षीय घाँसको उत्पादन, विस्तार तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. पशुचौपायामा देखिने विभिन्न संक्रामक रोग, बाँझोपन तथा महामारीजन्य समस्याको रोकथाम र नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। दुर्घटना तथा दैवी प्रकोपबाट प्रभावित पशुहरूको आकस्मिक उपचारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१८. प्रदेश सरकारसँगको सहकार्यमा पशुपन्छी खोप सेवाको विस्तार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ। पशुपन्छीबाट मानिसमा सर्ने जुनोटिक रोग, रेबिज लगायतका रोगहरूको नियन्त्रण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९. गाउँपालिकाबाट सञ्चालन हुँदै आएको निःशुल्क पशु स्वास्थ्य शिविर तथा प्रतिलिटर दूधमा रु. २० अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुग्ध तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्न उत्पादनमुखी तथा व्यवसायिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२०. पशुहरुको उत्पादकत्व वृद्धिको लागि बृहत पशु बिकास कार्यक्रम संचालन गरिनेछ ।गाई भैसीमा कृतिम गर्भाधान कार्यक्रमलाई थप प्रभाबकारी बनाईनेछ।

२१. नश्ल सुधारका लागि उन्नत जातका बोका, बंगुर(बिर) को व्यवस्थाप गरिनेछ।

## पर्यटन

२२. गण्डकी प्रदेशको एकमात्र हिल स्टेशनका रूपमा परिचित वडा नं. ५ मा अवस्थित रुद्रपुरगढी तथा धौवादी क्षेत्र र वडा नं. २ मा रहेको थुम्कीदेवी मन्दिर लगायतका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, विकास र प्रभावकारी प्रचार–प्रसार गरिनेछ। "भिजिट हुप्सेकोट अभियान" सञ्चालन गरी आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

२३. पिकनिक स्पट र ग्रिन पार्क निर्माणको सम्भावना बोकेका क्षेत्रको पहिचान गरी सो क्षेत्रलाई नवलपुर जिल्लाकै पर्यटकीय आर्कषणको रुपमा विकास गरिनेछ। मौलिक संस्कृति तथा समुदायमा आधारित होमस्टे सञ्चालनमा प्रोत्साहन तथा विभिन्न झरनाहरुको संरक्षण तथा प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

२४. सामुदायिक घरबास (होमस्टे), कोशेली घर, उद्यान तथा पार्क, इको–भिलेज, हिल स्टेशन तथा अन्य पर्यावरणमैत्री पर्यटन पूर्वाधारहरूको विकास र प्रवर्द्धनमार्फत पर्यटक आकर्षित गरिनेछ। पर्यटन क्षेत्रलाई स्थानीय उत्पादन, कृषि, हस्तकला, संस्कृति तथा रोजगारीसँग आबद्ध गर्दै दिगो पर्यटन विकास र स्थानीय आर्थिक समृद्धिलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

## भूमि

२५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानलाई प्राथमिकतामा राखी जग्गा नापजाँच, लगत सङ्कलन तथा अभिलेखीकरण कार्यलाई तीव्रता दिइनेछ। जग्गाधनी प्रमाणपुर्जा वितरण प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२६. नेपालको संविधान तथा संघीय शासन व्यवस्थाको मर्मअनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भूमि प्रशासन तथा घरजग्गा रजिष्ट्रेशन सम्बन्धी सेवाहरूलाई गाउँपालिकाबाट नै सञ्चालन गरिनेछ। यसबाट नागरिकले सेवा प्राप्त गर्दा भोग्नुपर्ने समय, लागत तथा प्रक्रियागत झन्झट न्यूनीकरण भई सेवा प्रवाह थप सहज, छरितो र नागरिकमैत्री हुने अपेक्षा गरिएको छ।

२७. गाउँपालिकाभित्र रहेका सरकारी, सार्वजनिक तथा ऐलानी जग्गाहरूको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ। संघीय सरकारसँगको समन्वयमा भूमि बैङ्क स्थापना तथा सञ्चालनको पहल गरी बाँझो तथा उपयोगविहीन कृषियोग्य जमिनको उत्पादनमूलक उपयोग, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षामा टेवा पुर्‍याइनेछ।

## सहकारी

२८. स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा रहेका सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धनमा विशेष जोड दिइनेछ। सहकारी क्षेत्रमा वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन तथा नियमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

२९. महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन, श्रमिक तथा पछाडि परेका समुदायहरूको वित्तीय पहुँच विस्तार गर्न सहकारी सेवाको पहुँच अभिवृद्धि गरिनेछ। गाउँपालिका भित्र कार्य क्षेत्र रहेका सहकारीहरुसंग साझेदारीमार्फत वित्तीय साक्षरता, बचत तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## शिक्षा

**सभाका सदस्यहरु,**

३०. शैक्षिक क्षेत्रको समग्र सुधारका लागि स्थानीय शिक्षा ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार थप नीति, कानुन, निर्देशिका तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३१. **"पढाइसँगै सीप विकास"** कार्यक्रमलाई निरन्तरता दिँदै आगामी तीन वर्षभित्र कक्षा १२ उत्तीर्ण गर्ने प्रत्येक विद्यार्थीलाई कम्तीमा एक व्यावसायिक वा जीवनोपयोगी सीपमा दक्ष बनाउने व्यवस्था गरिनेछ। शिक्षालाई जीवनोपयोगी, गुणस्तरीय, उत्पादनमूलक तथा रोजगारमुखी बनाउन आवश्यक संरचनात्मक तथा कार्यक्रमगत सुधार गरिनेछ।

३२. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाइनेछ। विद्यालयहरूमा स्मार्ट कक्षा, बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशाला तथा डिजिटल सिकाइ प्रणालीको विकास गरी गुणस्तरीय तथा प्रयोगात्मक शिक्षामा जोड दिइनेछ।

३३. विद्यालयहरूमा सुरक्षित, समावेशी तथा सिकाइमैत्री वातावरण निर्माण गर्न भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, स्वच्छ खानेपानी, स्वास्थ्य, शौचालय तथा सरसफाइ व्यवस्थाको सुदृढीकरण गरिनेछ। प्राकृतिक प्रकोपबाट क्षति पुगेका तथा जीर्ण विद्यालय भवनहरूको पुनर्निर्माण तथा प्रवलीकरण गरिनेछ।

३४. बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न विद्यालयहरूमा स्वच्छ पिउने पानी, खेलमैदान, उमेरअनुकूल फर्निचर, दिवा खाजा व्यवस्थापनका लागि भान्साघर, बाल उद्यान, सुरक्षित शौचालय तथा घेराबार निर्माण लगायतका बालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

३५. प्रारम्भिक तहदेखि नै सुशासन, नैतिकता, राष्ट्रप्रेम, नागरिक कर्तव्य तथा मानवीय मूल्यमा आधारित शिक्षालाई प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरिनेछ। विद्यालय शिक्षामा सामाजिक तथा नैतिक शिक्षालाई विशेष प्राथमिकता दिइनेछ।

३६. शैक्षिक क्यालेन्डर निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्दै नियमित शैक्षिक सुपरिवेक्षण, अनुगमन तथा निरीक्षण प्रणालीलाई सुदृढ बनाइनेछ। आवश्यकता अनुसार सुपरिवेक्षक तथा मेन्टर शिक्षक परिचालन गरिनेछ।

३७. शैक्षिक संस्थाहरूको नक्साङ्कन तथा समायोजनमार्फत न्यूनतम आवश्यक जनशक्ति सुनिश्चित गरिनेछ। विद्यालय तथा कक्षा समायोजन, शिक्षक दरबन्दी मिलान, एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण तथा जलवायु उत्थानशील शिक्षा प्रणाली विकासमा जोड दिइनेछ।

३८. प्रारम्भिक बालशिक्षाको गुणस्तर अभिवृद्धि गर्न बालबालिकाको उमेर, रुचि, क्षमता तथा आवश्यकता अनुरूप बालमैत्री सिकाइ सामग्री, वातावरण तथा उत्कृष्ट बालकक्षा सञ्चालनको व्यवस्था गरिनेछ।

३९. विद्यार्थी तथा शिक्षकहरूमा उत्प्रेरणा अभिवृद्धि गर्न शैक्षिक सम्मेलन कार्यक्रम तथा **"मानव पुस्तकालय(Human Library)"** सञ्चालन गरिनेछ। विभिन्न क्षेत्रमा सफल व्यक्तित्वहरूको अनुभव आदान–प्रदानमार्फत प्रेरणादायी सिकाइ वातावरण सिर्जना गरिनेछ। समुदायका नागरिकहरुको सकारात्मक भेटघाट, बिचार र ज्ञान आदान प्रदान तथा अध्ययन संस्कृतिको बिकास गर्न गाउँपालिकाको बिभिन्न स्थानमा पत्र पत्रिका अध्ययन केन्द्र स्थापना गरिनेछ ।

४०. विद्यार्थीहरुमा उद्यमशीलता, जीवनोपयोगी सीप तथा रोजगारमुखी शिक्षा प्रवर्द्धनका लागि **"पढ्दै कमाउँदै, कमाउँदै पढ्दै"** कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको

पेशागत क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला, अध्ययन अवलोकन, सिकाइ आदान–प्रदान तथा नवप्रवर्तन सीप मेलाजस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

४१. विद्यालय कर्मचारी तथा बालविकास सहयोगीलाई उपलब्ध गराइँदै आएको प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ। साथै शैक्षिक गुणस्तर सुधारका लागि करार शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्न **शिक्षक कर्मचारी कल्याणकारी कोष** सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

४२. दिवा खाजा, छात्रवृत्ति तथा अन्य विद्यार्थी सहुलियत कार्यक्रमलाई एकीकृत र पारदर्शी प्रणालीमार्फत सञ्चालन गरिनेछ। अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच तथा समावेशी शिक्षाको सुनिश्चितता गरिनेछ।

४३. विद्यार्थीहरूमा वैज्ञानिक सोच, अनुसन्धान, आविष्कार तथा नवप्रवर्तनशील क्षमता विकास गर्न बाल मेला, सिकाइ सामग्री प्रदर्शनी, गणित तथा विज्ञान मेला लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। साथै एसईई र कक्षा १२ मा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ ।

४४. आधारभूत तहसम्मको अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको संवैधानिक अधिकार सुनिश्चित गर्न शिक्षक अभाव भएका विद्यालयहरूमा **स्वयंसेवक शिक्षक व्यवस्थापन**लाई निरन्तरता दिइनेछ।

४५. संघीय सरकारसँगको सहकार्यमा **शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम** सञ्चालन गरिनेछ। विद्यालयहरूको स्तर निर्धारणका लागि सूचकमा आधारित वर्गीकरण प्रणाली विकास गरिनेछ तथा लागत साझेदारीमा विद्यालय भौतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४६. विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको शिक्षामा पहुँच विस्तार गर्न विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयको माग, आवश्यकता र

भौगोलिक अवस्थाका आधारमा विद्यालयसँगको साझेदारीमा यातायात सुविधा तथा अनुदानको व्यवस्था गरिनेछ।

४७. नेपाल सरकारको पूर्ण साक्षरता लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन अनौपचारिक शिक्षा, टोल शिक्षा तथा विभिन्न विकास साझेदार संस्थासँगको सहकार्यमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४८. हुप्सेकोट प्राविधिक शिक्षालय संचालनका लागि दिइदै आएको अनुदानलाई निरन्तरता दिँदै सुविधा सम्पन्न भवनबाट पूर्ण क्षमतामा कक्षाहरु सञ्चालन गरिनेछ । कृषि विज्ञान र पशु विज्ञानका साथै विशेषज्ञ प्रशिक्षक सहितको थप कार्यक्रम डिप्लोमा इन फार्मेसि सञ्चालन गर्न पहल गरिनेछ ।

४९. लिडर तथा फिडर विद्यालय अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै **समस्या समाधानमा आधारित सिकाइ पद्धति** प्रवर्द्धन गरिनेछ। विषयगत शिक्षक रोस्टर गठन तथा परिचालनमार्फत विद्यालयबीच अनुभव आदान–प्रदान र गुणस्तर सुधार गरिनेछ।

५०. हुप्सेकोट प्राविधिक शिक्षालयमा सीप परीक्षण तथा प्रमाणीकरण केन्द्र स्थापना गरी छोटो अवधिका रोजगारमुखी तालिम सञ्चालन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा जोड दिइनुका साथै विद्यालय शिक्षामा प्रविधिको उपयोग विस्तार गरिनेछ।

५१. पठन संस्कृतिको विकास तथा सिकाइ उपलब्धि अभिवृद्धिका लागि **"सिक्न र सिकाउनका लागि पढौँ"** अभियान सञ्चालन गरिनेछ। अभिभावकविहीन, जोखिममा रहेका तथा सडक बालबालिकालाई पठनपाठनको लागि आवश्यक छात्रवृत्तिको प्रबन्ध गरिनेछ ।

५२. गाउँपालिकाका सामुदायिक विद्यालयबाट अध्ययन पूरा गरेका जेहेन्दार विद्यार्थीहरूलाई चिकित्सा, इन्जिनियरिङ, उड्डयन तथा अन्य प्राविधिक उच्च शिक्षाका क्षेत्रमा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ। प्राप्त छात्रवृत्तिबाट अध्ययन पूरा गरेका जनशक्तिलाई निश्चित अवधिसम्म

गाउँपालिकामा सेवा गर्न प्रोत्साहित तथा व्यवस्थापन गर्ने कानुनी व्यवस्था गरिनेछ।

## युवा तथा खेलकुद विकास

५३. युवा तथा खेलकुद क्षेत्रको संस्थागत विकासका लागि गाउँपालिका स्तरीय खेलकुद विकास बोर्डलाई सुदृढ गरिनेछ । युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि वडा तथा गाउँपालिका स्तरमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्नुका साथै स्थानीय खेलाडीहरुको लागि शैक्षिक छात्रवृत्ति तथा विशेष अवसरको व्यवस्था गरिनेछ।

५४. विद्यालय तथा समुदायस्तरमा आवश्यक खेलकुद सामग्रीको व्यवस्था गरी बालबालिका तथा युवाहरूलाई आफ्नो रुचिअनुसार खेलकुद गतिविधिमा सहभागी हुने अवसर प्रदान गरिनेछ। स्थानीय खेलकुद महोत्सव सञ्चालन गरी प्रतिभाशाली खेलाडीहरूको पहिचान, प्रोत्साहन र राष्ट्रिय–अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि आधारशिला तयार गरिनेछ।

५५. युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्दै स्वस्थ, अनुशासित र प्रतिस्पर्धी नागरिक निर्माणका लागि फुटबल, क्रिकेट तथा भलिबल खेल मैदानहरूको स्तरोन्नति गरिनेछ। वडा नं. १ बेलुवामा सञ्चालनमा रहेको तथा वडा नं. ४ झ्यालबासमा निर्माणाधिन कभर्ड हललाई थप सुविधा सम्पन्न बनाई खेलकुद गतिविधिको केन्द्रका रूपमा विकास गरिनेछ।

## स्वास्थ्य

**सभाका सदस्यहरु,**

५६. स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित तथा दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गरी आँखा परीक्षण, पाठेघर तथा स्तन क्यान्सर परीक्षण, पुरुषहरूको प्रोस्टेट स्क्रिनिङ, मुटुरोग, मधुमेह तथा अन्य नसर्ने रोग सम्बन्धी निःशुल्क स्वास्थ्य

शिविर सञ्चालन गरिनेछ।७० वर्षमाथिका ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको नियमित स्वास्थ्य अवस्थाको जानकारीका लागि **"सञ्चै हुनुहुन्छ ?"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. संघीय सरकारसँगको सहकार्यमा **"म स्वस्थ, मेरो समुदाय स्वस्थ"** अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रत्येक महिनाको १ गते गाउँ तथा टोलस्तरमा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ। स्वच्छ आहार, योग, ध्यान, नियमित व्यायाम तथा सकारात्मक जीवनशैली प्रवर्द्धन गर्ने **"निरोगी हुप्सेकोट अभियान"** लाई निरन्तरता दिइनेछ ।

५८. महिलाको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न गर्भवती महिलाहरूलाई निःशुल्क फोलिक एसिड, क्याल्सियम तथा आवश्यक पोषण सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। एचआईभी/एड्सबाट प्रभावित व्यक्तिहरूलाई पोषणयुक्त आहार सहयोग उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५९. गर्भवती महिला, सुत्केरी आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन पोषणमैत्री कार्यक्रमहरूलाई अन्य विकास कार्यक्रमसँग आबद्ध गरी मूलप्रवाहीकरण गरिनेछ। सम्बत् २०८७ भित्र पोषणमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरूलाई निरन्तरता दिँदै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६०. देउराली प्राथमिक अस्पतालको सेवा गुणस्तर अभिवृद्धि गर्न विशेषज्ञसहितको स्वास्थ्य सेवा विस्तार गरिनेछ। अस्पतालको पूर्वाधार तथा उपकरण व्यवस्थापनलाई सुदृढ गर्दै एम्बुलेन्स, भिडियो एक्स–रे तथा एक्स–रे सेवाको थप व्यवस्थापन गरिनेछ ।

६१. बालबालिकाको स्वास्थ्य संरक्षणलाई प्राथमिकतामा राखी पोषणयुक्त तथा स्वास्थ्यवर्द्धक खानाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। विद्यालय दिवा खाजा

तथा क्यान्टिनमा जंकफुडको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीयस्तरमा उत्पादित खाद्यान्नलाई दिवा खाजामा समावेश गर्न आवश्यक पहल तथा प्रोत्साहन गरिनेछ।

६२. किशोरीहरूमा महिनावारीको समयमा देखिने शारीरिक तथा मानसिक समस्याहरू न्यूनीकरण गर्न योग, ध्यान, शारीरिक व्यायाम तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरूको विस्तार गरिनेछ ।

६३. ज्येष्ठ नागरिकहरूको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमार्फत स्वास्थ्य परीक्षण, परामर्श तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६४. घरमै सुत्केरी हुने प्रवृत्तिलाई न्यूनीकरण गर्दै संस्थागत प्रसूति सेवाको पहुँच र उपयोग बढाइनेछ। गर्भावस्थामा नियमित स्वास्थ्य परीक्षणलाई प्रोत्साहन गर्दै लैङ्गिक विभेद न्यूनीकरणका लागि **"सुत्केरी स्याहार पोषण कार्यक्रम"** तथा **"हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

६५. संघीय सरकारको नीति अनुरूप क्षयरोगमुक्त अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। नागरिक आरोग्य केन्द्रमार्फत आयुर्वेद सेवा विस्तार, स्वस्थ जीवनशैली प्रवर्द्धन तथा आवश्यक पूर्वाधार एवं सेवा सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

६६. प्रत्येक घरधुरीमा पोषण सुधार गृहबगैँचा स्थापना गर्न प्रोत्साहन गरिनेछ। स्थानीय र रैथाने बालीको संरक्षण, उत्पादन तथा उपभोगलाई प्रवर्द्धन गर्दै खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याइनेछ।

६७. गाउँपालिका क्षेत्र सर्पदंशको अत्याधिक जोखिममा रहेकोले यसलाई न्यूनीकरण गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ । देउराली प्राथमिक अस्पतालमा सर्पदंशको व्यवस्थित उपचारको प्रबन्ध मिलाईनेछ।

## खानेपानी तथा सरसफाई

६८. विपदजन्य जोखिम, प्रभाव र संवेदनशीलताको विश्लेषणका आधारमा उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको विस्तार गरिनेछ। वडा नं. ५ को रुद्रपुर खानेपानी आयोजना तथा वडा नं. ६ को कुमाल्दी खानेपानी आयोजनाको सम्पन्नतामार्फत **"एक घर–एक धारा"** अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै गाउँपालिकाको तल्लो क्षेत्रमा देउराली हुप्सेकोट शहरी खानेपानी उपभोक्ता समितिमा नागरिकको पँहुच बिस्तार गरि खानेपानीको पहुँच नभएको जनसंख्यामा सुरक्षित खानेपानी सेवा विस्तार गरिनेछ।

६९. जलवायु परिवर्तनका कारण जलस्रोतमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न सिमसार क्षेत्र, मुहान, कुवा,मुलका साथै जल पुनर्भरण पोखरीहरुको संरक्षण, निर्माण र प्रवर्द्धन गर्दै जलस्रोत व्यवस्थापनलाई वातावरणमैत्री र दीगो बनाइनेछ।

७०. गाउँपालिकाको पहाडी क्षेत्रमा **जुठेल्नो सुधार कार्यक्रम** सञ्चालन गरी फोहोर तथा खेर गएको पानीको पुनः प्रयोगलाई प्रोत्साहन गरिनेछ। हालसम्म शौचालय निर्माण हुन नसकेका घरपरिवारलाई साझेदारीमा शौचालय निर्माणका लागि सहयोग उपलब्ध गराइनेछ। साथै, सन् २०३० सम्म **सबैका लागि दिगो पूर्ण सरसफाई** हासिल गर्ने राष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गर्दै आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७१. हुप्सेकोट–देउराली शहरी खानेपानी आयोजनाको क्षेत्रभित्र अन्य साना खानेपानी आयोजनाहरूलाई समेत समेटी स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवाको पहुँच विस्तार गरिनेछ।

७२. **"हुप्सेकोटको शान, गाउँ-टोल सरसफाइ अभियान"** अन्तर्गत टोल विकास संस्थाहरूलाई सक्रिय र जिम्मेवार बनाउँदै फोहोरमुक्त गाउँपालिका निर्माणका

लागि अभियान सञ्चालन गरिनेछ। उच्च मानवीय चाप भएका क्षेत्रहरूमा सार्वजनिक शौचालय तथा किरियाघर निर्माणका कार्यक्रम अगाडि बढाइनेछ।

७३. गाउँपालिकाको तल्लो समथर भू – भागमा बढ्दो शहरीकरण तथा बस्ती विस्तारका कारण उत्पन्न फोहोरमैला व्यवस्थापन चुनौतीलाई सम्बोधन गर्न गाउँपालिका, निजी क्षेत्र तथा स्थानीय समुदायबीचको सहकार्यमा एकीकृत फोहोरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन गरी दिगो समाधानको व्यवस्था गरिनेछ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

**सभाका सदस्यहरु,**

७४. आर्थिक तथा सामाजिक रूपमा विपन्न महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, द्वन्द पिडित तथा अन्य लक्षित समुदायहरूको आर्थिक सशक्तीकरणका लागि वित्तीय पहुँच विस्तार, उद्यमशीलता विकास, क्षमता अभिवृद्धि तथा विभिन्न सचेतनामूलक, अभियानात्मक एवं दिवस केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७५. महिलाहरूमा निहित घरेलु सीप तथा क्षमतालाई आयमूलक उद्यमसँग आबद्ध गर्न बीउपुँजीसहितका सीपमूलक तथा उद्यम विकास तालिम सञ्चालन गरिनेछ। एकल महिलाहरूको आत्मनिर्भरता तथा सामाजिक सशक्तीकरणका लागि **"एकल महिला पाठशाला"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७६. महिला तथा बालबालिकामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। घरेलु तथा लैङ्गिक हिंसाबाट

प्रभावित व्यक्तिहरूलाई संरक्षण, परामर्श तथा सामाजिक न्याय सुनिश्चित गर्न **अल्पकालीन आश्रयसहितको सेवा केन्द्र** स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ। हिंसापीडितहरूको तत्काल आधारभूत आवश्यकता परिपूर्तिका **लागि लैङ्गिक हिंसा निवारण कोष**लाई निरन्तरता दिइनेछ।

७७. दिगो विकास लक्ष्यहरूको स्थानीयकरण तथा आन्तरिकीकरण गर्दै द्वन्द्व तथा हिंसापीडित महिलाहरूको संरक्षण, पुनःस्थापना र सशक्तीकरणका लागि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० को प्रभावकारी कार्यान्वयन गरिनेछ। साथै, सामाजिक पुनर्मिलन तथा मेलमिलाप प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

७८. औपचारिक तथा अनौपचारिक माध्यमबाट आर्जित ज्ञान, सीप तथा अनुभवलाई पूर्व सिकाइ मान्यता (RPL) प्रणालीमार्फत परीक्षण गरी दक्षताको प्रमाणपत्र प्रदान गरिनेछ। निरपेक्ष गरिबी न्यूनीकरण तथा जीविकोपार्जन सुधारका लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७९. अपाङ्गता भएका व्यक्तिहरूलाई उद्यमशीलता तथा स्वरोजगारतर्फ प्रोत्साहित गर्न व्यवसाय दर्ता शुल्कमा सहुलियत प्रदान गरिनेछ। साथै, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित व्यवसायको प्रवर्द्धन, विस्तार तथा दिगोपनाका लागि आवश्यक सहजीकरण र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

८०. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइँदै आएको **निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम**लाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका अभिभावकका सन्ततिलाई उच्च शिक्षा हासिल गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ।

८१. गाउँपालिकाका सबै वडामा ज्येष्ठ नागरिकहरूको सामाजिक सक्रियता, मानसिक स्वास्थ्य तथा जीवनयापनमा सहजता ल्याउन **दिवा सेवा केन्द्र** स्थापना तथा स्तरोन्नति गरिनेछ। ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने अन्तरपुस्ता सिकाइ तथा सामाजिकीकरणका कार्यक्रमहरूलाई प्रवर्द्धन गरिनेछ।

८२. बालबालिकामाथि हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि बहस, पैरवी, सचेतना तथा संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ। बालविवाह न्यूनीकरण तथा किशोरी शिक्षालाई प्रोत्साहन गर्न विवाह नगरी कक्षा १२ उत्तीर्ण गर्ने किशोरीहरूलाई प्रोत्साहनमूलक सहयोग प्रदान गरिनेछ।

८३. समाजमा विद्यमान विभेद, असमानता, अन्याय, शोषण तथा सामाजिक बहिष्करणको अन्त्य गर्दै समतामूलक समाज निर्माणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। कुरीति, कुप्रथा, अन्धविश्वास तथा सामाजिक विकृतिविरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

८४. गृहिणी महिलाहरूको आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्न **"गृहिणी महिला स्वरोजगार कार्यक्रम"** सञ्चालन गरी आयआर्जन तथा उद्यमशीलता विकासमा सहयोग पुर्‍याइनेछ।

८५. महिला नेतृत्व, आत्मविश्वास तथा खेलकुद क्षेत्रमा सहभागिता अभिवृद्धि गर्न महिला म्याराथन तथा अन्य साहसिक खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८६. विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका तथा हिंसापीडित बालबालिकाको उद्धार, राहत, पुनःस्थापना, संरक्षण तथा क्षतिपूर्ति व्यवस्थापनका लागि गाउँपालिकास्तरीय **"बाल कोष"** स्थापना तथा सञ्चालन गरिनेछ।

## सामाजिक सुरक्षा

८७. सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सेवामा नागरिकको पहुँच सरल, सहज र प्रभावकारी बनाउन वडा तहमा दर्ता शिविर सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरणलाई थप नागरिकमैत्री बनाउन ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बैंकिङ सेवा पहुँच बाहिर रहेका दुर्गम क्षेत्रका लाभग्राहीलाई आवश्यकतानुसार स्थलगत रुपमा भत्ता वितरणमा सहजीकरण गरिनेछ ।

## पूर्वाधार विकास तथा योजना व्यवस्थापन

**सभाका सदस्यहरु,**

८८. स्थानीय आवश्यकता, प्राथमिकता तथा नागरिक अपेक्षाका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। योजना कार्यान्वयनमा सार्थक, समावेशी र परिणाममुखी जनसहभागिता सुनिश्चित गर्दै विगतदेखि सञ्चालनमा रहेका अधुरा तथा बहुवर्षीय योजनाहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

८९. सीमित स्रोत–साधनका बीच बढ्दो नागरिक अपेक्षा र विकास आवश्यकतालाई सम्बोधन गर्न उपलब्ध स्रोतको अधिकतम तथा प्रभावकारी परिचालन गरिनेछ। बहुप्रतिफलयुक्त, उच्च लाभ प्रदान गर्ने तथा दीर्घकालीन प्रभाव पार्ने योजनाहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

९०. गाउँपालिकाको जटिल भौगोलिक अवस्था, विकास आवश्यकता तथा दीर्घकालीन महत्वका आयोजना समेटी ठूला तथा गौरवका आयोजनाहरूको

दुल्लुकोट गाउँपालिका

पहिचान, प्राथमिकीकरण र व्यवस्थापनका लागि आयोजना बैंक (Project Bank) लाई अद्यावधिक गरिनेछ।

९१. संघीय तथा प्रदेश सरकार, विकास साझेदार तथा अन्य सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा जोखिम संवेदनशील तथा विपद् प्रभावित बस्तीहरूको दिगो व्यवस्थापन, सुरक्षित पुनर्स्थापना तथा पूर्वाधार विकासका लागि आवश्यक पहल गरिनेछ।

९२. सुरक्षित, भूकम्पप्रतिरोधी तथा व्यवस्थित आवास निर्माणलाई प्रोत्साहन गर्दै भवन आचारसंहिता तथा भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरिनेछ। नयाँ भवन निर्माणमा नक्सापासलाई अनिवार्य बनाइनेछ तथा यसअघि निर्माण भएका भवनहरूको अभिलेखीकरण कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाइनेछ।

९३. समग्र विकासको आधार स्तम्भका रूपमा रहेको यातायात पूर्वाधारलाई सुरक्षित, भरपर्दो, व्यवस्थित तथा वातावरणमैत्री बनाउँदै लगिनेछ। साथै कालोपत्रे सडक निर्माण गर्दा ईन्टरनेट, विद्युतीय तार तथा खानेपानी पाईप जडानमा सहजता ल्याउन Utility Duct को निर्माण गरिनेछ ।

९४. गाउँपालिकाका गौरवका आयोजनाका रूपमा रहेका हुप्सेकोट चक्रपथ, आलोक चक्रपथको हुप्सेकोट खण्ड, बन्धरी सडक, पोखरी–रुद्रपुर सडक तथा गरिमाचोक–मौलाथर सडकलाई उच्च प्राथमिकताका साथ अगाडि बढाईनेछ।

९५. दुर्गम तथा पहाडी क्षेत्रमा अवस्थित सडकहरूलाई बाह्रैमास सञ्चालनयोग्य बनाउन नाला निर्माण, साइडवाल, रिटेनिङ वाल, कजवे तथा अन्य आवश्यक सडक संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।

९६. प्रमुख व्यापारिक केन्द्र, बजार क्षेत्र तथा उच्च मानवीय चाप भएका स्थानहरूमा नागरिकको जीउधनको सुरक्षा तथा शान्ति–सुरक्षा सुदृढ गर्न

सिसिटिभी सेक्युरिटी क्यामाराबाट निगरानी गर्ने प्रणाली तथा सडक बत्ती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

९७. नेपाल टेलिकमसँगको समन्वयमा नागरिकहरुलाई सुरक्षित डिजिटल प्रविधि संचालन सम्बन्धी तालिम साथै चट्याङबाट हुने क्षति न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

९८. राष्ट्रिय नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा दिगो विकास लक्ष्य (SDGs) को मार्गनिर्देशन अनुरूप स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रमहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाइनेछ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

९९. गाउँपालिकाभित्रका वन तथा पहाडी क्षेत्रमा पाइने उच्च मूल्य एवं कम तौल भएका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको पहिचान, संरक्षण, उत्पादन, सङ्कलन, प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ। स्थानीय समुदायको आयआर्जन अभिवृद्धिका लागि निजी क्षेत्र, सहकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्यमा जडीबुटी विकास तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१००. वन पैदावारको दिगो उपयोगमार्फत कृषक तथा स्थानीय समुदायको आयआर्जन वृद्धि गर्न उत्पादनमुखी तथा उद्यमशीलतामा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ। सामुदायिक वन उपभोक्ता समूहहरूसँगको साझेदारीमा वन संरक्षण, वृक्षारोपण, जैविक बाँध निर्माण, वन डढेलो नियन्त्रण, जैविक विविधता संरक्षण तथा समुदाय केन्द्रित वातावरणीय कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१०१. जलवायु परिवर्तनका असर न्यूनीकरण, तापक्रम सन्तुलन तथा बाढी, पहिरो र नदी कटान नियन्त्रणका लागि वन तथा वातावरणसँग सम्बन्धित निकायहरूसँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित वातावरणमैत्री संरचना निर्माणलाई प्रोत्साहन गरिनेछ। समुदाय तथा प्रकृतिमा आधारित अनुकूलनलाई प्राथमिकता दिंदै जोखिम न्यूनीकरणका लागि प्रकृतिमा आधारित समाधान (Nature-Based Solutions) को अवलम्बन गरिनेछ।

१०३. गाउँपालिकाले तयार गरेको विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील कार्यढाँचा अनुरूप पहिचान तथा नक्साङ्कन भएका विपद् संवेदनशील क्षेत्रहरूमा पूर्वसूचना प्रणाली, पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. पहाडी क्षेत्रमा भू-क्षय तथा पहिरो नियन्त्रणका लागि भूगोल अनुकूल वृक्षारोपण, जैविक बाँध लगायतका बायो–इन्जिनियरिङ प्रविधिमा आधारित कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, उपयुक्त सडकहरूको पहिचान गरी हरित सडक निर्माण तथा सडक सौन्दर्यीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. विपद्को समयमा शीघ्र उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउन नेपाल रेडक्रस, सामुदायिक संस्था, युवा क्लब, सुरक्षा निकाय तथा अन्य सरोकारवाला संस्थाहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ।

## रोजगारी तथा उद्यमशीलता प्रवर्धन

सभाका सदस्यहरु,

१०६. **"मिसन रोजगारी"** अभियान अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा स्वदेशमा बेरोजगार रहेका युवाहरूलाई ज्ञानअनुसारको सीप र सीपअनुसारको ज्ञानमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी उत्पादनशील रोजगारी तथा स्वरोजगारीका अवसरसँग आबद्ध गरिनेछ।

१०७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत सञ्चालन हुने योजनाहरूलाई गाउँपालिकाका अन्य विकास कार्यक्रमहरूसँग एकीकृत गर्दै रोजगारी सिर्जना तथा भौतिक पूर्वाधार विकासलाई सँगसँगै अगाडि बढाइनेछ। सार्वजनिक निर्माण कार्यमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै स्थानीय स्तरमा रोजगारीका अवसर विस्तार गरिनेछ।

१०८. उद्यम व्यवसाय तथा औद्योगिक क्षेत्रमा ख्याति प्राप्त विशिष्ट रोजगारदाता हुप्सेकोट गाउँपालिका स्थायी ठेगाना भएका सफल उद्यमीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

१०९. राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जना अभियानलाई सरकारी, निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा अगाडि बढाइनेछ । पूर्वसिकाइ मान्यता (RPL) प्रणालीलाई थप प्रभावकारी बनाउँदै परम्परागत रूपमा आर्जित सीप भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी सीप परीक्षण तथा प्रमाणीकरणमार्फत रोजगारी र स्वरोजगारीमा पहुँच अभिवृद्धि गरिनेछ।

११०. युवा तथा शैक्षिक बेरोजगारलाई लक्षित गरी युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। आन्तरिक रोजगारी सिर्जना तथा उद्यम विकासका लागि निजी क्षेत्र, सहकारी तथा अन्य सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वयलाई सुदृढ गरिनेछ ।

१११. युवाहरूलाई डिजिटल मार्केटिङ, ग्राफिक डिजाइन, कम्प्युटर, अनलाइन फ्रीलान्सिङ, कृत्रिम बौद्धिकता (AI) लगायतका नवप्रवर्तनशील

प्रविधिसम्बन्धी सीप विकास तालिम प्रदान गरिनेछ। युवाहरूमा नवप्रवर्तन, उद्यमशीलता र सिर्जनशील सोचको विकास गर्न "चौतारी भलाकुसारी कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

११२. रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी सेवा एकीकृत रूपमा प्रदान गर्न एकद्वार प्रणालीको अवधारणा अनुरूप गाउँपालिकाबाट सञ्चालन हुने उद्यम विकास कार्यक्रम लगायत सम्पूर्ण सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरू श्रम तथा रोजगार सेवा केन्द्रमार्फत सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन सुरक्षित आप्रवासन (Safer Migration) तथा पुनःएकीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११३. स्वदेशमै अवसर सिर्जना गर्ने तथा युवाहरूलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्ने उद्देश्यले लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ। संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र तथा अन्य विकास साझेदार संस्थासँगको सहकार्यमा सीप विकास, करियर परामर्श, वृत्ति विकास तथा रोजगारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११४. गाउँपालिकाभित्र उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन तथा उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न **"उद्यम विकास कोष"** स्थापना गरिनेछ। उक्त कोषमार्फत उद्यमीहरूलाई वित्तीय पहुँच, प्राविधिक परामर्श, क्षमता विकास तथा बजारीकरण सहयोग उपलब्ध गराउँदै स्थानीय आर्थिक विकासलाई प्रोत्साहन गरिनेछ।

## राजश्व परिचालन

११५. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र व्यवस्था अनुरूप गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि राजस्वका सम्भावित स्रोत तथा क्षेत्रहरूको पहिचान, अध्ययन र विश्लेषण गरिनेछ। राजस्व सुधार कार्ययोजनामा समावेश करका दायरा तथा आधारहरूको पुनरावलोकन गर्दै कर प्रणालीलाई वैज्ञानिक, न्यायोचित तथा समयानुकूल बनाइनेछ।

११६. आन्तरिक स्रोत परिचालनलाई सुदृढ बनाउन कर तथा गैरकर राजस्व सम्बन्धी आवश्यक कानुन, कार्यविधि र मापदण्ड तर्जुमा तथा कार्यान्वयन गरिनेछ। साथै, भूमिकर, मालपोत कर, व्यवसाय दर्ता तथा नवीकरण एवं करदाताको विवरण अद्यावधिक गर्न घुम्ती राजस्व सेवा शिविर सञ्चालन गरिनेछ।

११७. राजस्वका नयाँ सम्भावना तथा स्रोतहरूको पहिचान र अध्ययनका लागि राजस्व परामर्श समितिलाई सक्रिय तथा प्रभावकारी बनाइनेछ। राजस्व परिचालनसम्बन्धी कानुनी व्यवस्था, करदाताको दायित्व तथा वित्तीय साक्षरताबारे जनप्रतिनिधि, कर्मचारी, व्यवसायी, समुदाय तथा सरोकारवालाहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११८. कर संकलन प्रक्रियालाई आधुनिक तथा पारदर्शी बनाउँदै नगदरहित भुक्तानी प्रणालीलाई प्रोत्साहन गरिनेछ। क्यूआर कोड, डिजिटल भुक्तानी प्रणाली तथा Local Level Revenue Portal मार्फत राजस्व संकलनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

११९. राजस्व प्रशासनमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी राजस्व व्यवस्थापन तथा संकलन प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र

सेवाग्राहीमैत्री बनाइनेछ। सेवा प्रवाह र राजस्व परिचालनबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै आन्तरिक आय वृद्धि गरिनेछ।

१२०. हाटबजार सञ्चालन, कवाडीजन्य वस्तुको सङ्कलन तथा बिक्री व्यवस्थापनलाई व्यवस्थित गरी करको दायराभित्र ल्याइनेछ।

१२१. साविकमा करदाता सेवा कार्यालयबाट प्रवाह हुने व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाणपत्र, विवरण संशोधन लगायतका सेवाहरू गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्थालाई थप व्यवस्थित, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउँदै निरन्तरता दिइनेछ।

## संस्थागत सुशासन

**सभाका सदस्यहरु,**

१२२. स्थानीय सरकार स्थापना भएदेखि हालसम्मका दुवै कार्यकालमा सुशासन, विकास निर्माण तथा सेवा प्रवाहका क्षेत्रमा हासिल भएका उपलब्धि, सिकाइ, चुनौती तथा आगामी कार्यदिशालाई समेटी समग्र अवस्थाको विश्लेषणात्मक स्थितिपत्र तयार गरिनेछ।

१२३. लागूपदार्थ दुर्व्यसन नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा सामाजिक जागरण अभिवृद्धिका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। दिगो विकासका सिद्धान्त अनुरूप गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमलाई सुरक्षित, दिगो, वातावरणमैत्री, भरपर्दो र नागरिकमैत्री बनाउँदै उपलब्ध स्रोत, साधन तथा जनशक्तिको अधिकतम उपयोग गरिनेछ।

१२४. प्रमुख व्यापारिक केन्द्र तथा सार्वजनिक स्थलहरूमा शान्ति सुरक्षा सुदृढ गर्न तथा आपराधिक गतिविधि नियन्त्रणका लागि सडक बत्ती र सिसिटिभी

निगरानी प्रणालीको विस्तार तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१२५. विद्यूतीय सुशासनको अवधारणालाई आत्मसात गर्दै गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई क्रमशः विद्युतीय प्रणालीमार्फत सञ्चालन गरिनेछ। स्थानीय तथ्याङ्क व्यवस्थापनलाई सुदृढ गरी सेवा प्रवाहमा गुणस्तरीय सुधार ल्याउन डिजिटल घर नम्बर प्रणाली तथा मोबाइल एपलाई अद्यावधिक र प्रभावकारी बनाइनेछ ।

१२६. सार्वजनिक सेवालाई पारदर्शी, उत्तरदायी, भ्रष्टाचारमुक्त, सहभागितामूलक तथा परिणाममुखी बनाउन संगठन संरचना, दरबन्दी, कार्यविवरण तथा कर्मचारी व्यवस्थापनलाई समयसापेक्ष परिमार्जन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको पुनरावलोकन गरिनेछ। जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीबीचको समन्वयात्मक सम्बन्धलाई थप सुदृढ गरी सार्वजनिक जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

१२७. नीति, कानुन, योजना तथा निर्णयहरू नियमित रूपमा सार्वजनिक सूचना प्रणाली तथा वेबसाइटमार्फत प्रकाशन गरिनेछ। प्राप्त सुझाव तथा पृष्ठपोषणलाई नीतिगत सुधारमा समावेश गर्दै मध्यकालीन खर्च संरचनामार्फत नीति, योजना, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाइनेछ ।

१२८. गाउँपालिकाको संगठनात्मक संरचना, कार्यविभाजन तथा जिम्मेवारीलाई सेवामैत्री, कार्यसम्पादनमुखी र जनउत्तरदायी बनाउँदै संस्थागत सुशासन प्रवर्द्धन गरिनेछ। सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा तेस्रो पक्ष मूल्याङ्कन नियमित रूपमा सञ्चालन गरिनेछ ।

१२९. कर्मचारीहरूको कार्यकुशलता तथा पेशागत दक्षता विकासका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसंग साझेदारी र सहकार्य गरी क्षमता विकास तथा सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। शासकीय लाभलाई नागरिकस्तरसम्म प्रभावकारी रूपमा पुऱ्याउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास गरिनेछ ।

१३०. कार्यस्थलमा सकारात्मक सोच, सेवा संस्कार तथा प्रभावकारी नागरिक संवादको विकास गर्ने व्यवहार परिवर्तनसम्बन्धी तालिम तथा मनोवैज्ञानिक सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी गुणस्तर सुनिश्चितता तथा नियमित अनुगमन–मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

१३१. विद्युतीय खरिद प्रणालीको प्रभावकारी कार्यान्वयनमार्फत खरिद प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धी र उत्तरदायी बनाइनेछ। चालु खर्चमा मितव्ययिता कायम गर्न विषयगत शाखाहरूका कार्यक्रमलाई एकीकृत घुम्ती सेवा शिविरमार्फत सञ्चालन गरिनेछ ।

१३२. न्यायिक समितिको कार्यसम्पादनलाई थप चुस्त, व्यवस्थित र प्रभावकारी बनाउँदै दर्ता भएका उजुरीहरूको समयमै निरूपण गरिनेछ। न्यायिक समितिको भूमिका, अधिकार तथा प्रक्रियाबारे नागरिकलाई सु-सुचित गराउन विद्यालय तथा समुदायस्तरमा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

१३३. उच्च जोखिमयुक्त, विपद् प्रभावित तथा संवेदनशील बस्तीहरूको पहिचान गरी सुरक्षित पुनर्स्थापना तथा व्यवस्थापनका लागि एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छाना विस्थापन अभियानलाई निरन्तरता दिइनेछ ।

१३४. गाउँपालिकाबाट तयार गरिने मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरू निर्धारित समयसीमाभित्र तयार गरी सम्बन्धित निकायमा पेश गरिनेछ । गाउँपालिकाको मासिक आय–व्यय विवरण नियमित रूपमा वेबसाइटमार्फत सार्वजनिक गर्दै वित्तीय पारदर्शिता अभिवृद्धि गरिनेछ।

१३५. बजेट तथा कार्यक्रम कार्यान्वयनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यका सिद्धान्तहरूलाई आत्मसात गर्दै सार्वजनिक स्रोत–साधनको विवेकपूर्ण उपयोग गरिनेछ। वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक नियन्त्रण तथा व्यवस्थापनका उपायहरू प्रभावकारी रूपमा अवलम्बन गरिनेछ।

१३६. मध्यमकालिन खर्च संरचना, विनियोजन कुशलता, खर्च क्षमता सुदृढीकरण, बजेटको प्रभावकारी कार्यान्वयन एवं बेरुजु न्यूनीकरणलाई प्राथमिकतामा राखी आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ। खर्च व्यवस्थापनसम्बन्धी मापदण्ड, कार्यविधि तथा कानुनी व्यवस्थाको पूर्ण पालना सुनिश्चित गर्न सबै शाखा तथा वडा कार्यालयको क्षमता अभिवृद्धि गरिनेछ र वित्तीय अनुशासनलाई संस्थागत गरिनेछ।

१३७. राजस्व चुहावट नियन्त्रण, नतिजामूखी सार्वजनिक खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता र लेखा परीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन मार्फत आर्थिक सुशासन कायम गरिनेछ ।

**सभाका सदस्यहरु,**

१३८. योजना तथा कार्यक्रमहरूको आवश्यकता पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण, समीक्षा, मूल्याङ्कन तथा सिकाइको सम्पूर्ण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी तथा नतिजामुखी बनाइनेछ। सीमित स्रोत–साधनको प्रभावकारी परिचालन गर्दै उच्च प्राथमिकता प्राप्त क्षेत्र,

बहुप्रतिफलयुक्त तथा दीर्घकालीन लाभ प्रदान गर्ने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१३९. राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, हुप्सेकोट गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाको मार्गदर्शनलाई आधार मानी योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। विगतदेखि सञ्चालनमा रहेका अधुरा तथा बहुवर्षीय आयोजनाहरूलाई सम्पन्न गर्ने गरी स्रोत व्यवस्थापन तथा योजना कार्यान्वयनमा विशेष जोड दिइनेछ।

१४०. स्थानीय अभिलेख व्यवस्थापन प्रणालीलाई आधुनिक, व्यवस्थित र प्रविधिमैत्री बनाउन छुट्टै अभिलेख व्यवस्थापन इकाई स्थापना गरी आवश्यक जनशक्ति परिचालन गरिनेछ। सार्वजनिक सम्पत्ति, भवन, सडक, पूर्वाधार, पसल, व्यवसाय तथा अन्य सार्वजनिक विवरणहरूको अद्यावधिक डिजिटल अभिलेख तयार गरी सूचना प्रविधिको प्रयोगमार्फत सुरक्षित भण्डारण, संरक्षण तथा व्यवस्थापन गरिनेछ। गाउँपालकाको प्रगति विवरणको प्रतिवेदन साप्ताहिक रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

१४१. राजस्व चुहावट नियन्त्रण, नतिजामूखी सार्वजनिक खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता र लेखा परीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन मार्फत आर्थिक सुशासन कायम गरिनेछ ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा बहुमूल्य राय, सुझाव तथा परामर्श प्रदान गर्नुहुने संघीय तथा प्रदेश सरकारका माननीयज्यूहरू, विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, विकास साझेदार संस्था, सञ्चारकर्मी, सामुदायिक तथा निजी क्षेत्रका प्रतिनिधिहरू एवं स्वदेश तथा

विदेशमा रहनुभएका सम्पूर्ण हुप्सेकोटवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

यस नीति तथा कार्यक्रमको तयारी, परिमार्जन तथा अन्तिम रूप दिन अहोरात्र खटिई अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा सरोकारवाला महानुभावहरूप्रति विशेष आभार व्यक्त गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमार्फत समृद्ध, आत्मनिर्भर र उद्यमशील हुप्सेकोट निर्माण गर्ने हाम्रो साझा लक्ष्य प्राप्तिमा सम्पूर्ण हुप्सेकोटवासी दाजुभाई तथा दिदीबहिनीहरू, राजनीतिक दल, निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक संगठन तथा सबै सरोकारवालाहरूबाट निरन्तर सहयोग, सहकार्य र सहभागिता प्राप्त हुने पूर्ण विश्वास लिएको छु।

हुप्सेकोट गाउँपालिका